नि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९

# राजविराज दैनिक

स.नि.हु.का.द.नं. ५/०६४/०६५

वर्ष ३२ अंक १८० २०७९ साल फागुन ३ गते बुधबार (15 Feb. 2023 Wednesday) मूल्य रु. ५/-




Log in : rajbirajdainik.com.np

यस अंक भित्र : २ पृष्ठमा : राजनीतिक परिवर्तन र ... ३ पृष्ठमा : सरकारले कुन आयोजनाका... ३ पृष्ठमा : टर्कीए भूकम्पमा छत्तीस ...

## अग्नीपीडित परिवारलाई गाउँपालिकाको सहयोग



**दैनिक समाचारदाता**
**राजविराज, २ फागुन ।**

सप्तरीको रुपनी गाउँपालिका १ रायपुरका अग्नीपीडित परिवारलाई गाउँपालिकाले मंगलवार राहत सामग्री सहयोग गरेको छ ।

पीडितहरुको बिचल्ली भएपछि गाउँपालिकाका अध्यक्ष दिनेश कुमार यादव, उपाध्यक्ष पुष्पा कुमारी लौगी श्रेष्ठ, प्रमुख प्रशासकिय अधिकृत अरबिन्द कुमार चौधरी लगायतको टोली पीडितसम्म पुगेर प्रति परिवार २५ केजी चामल, ३ केजी दाल, ३ केजी भुजा, १ लिटर खाने तेल, १ केजी नुन तथा १/१ थान त्रिपाल र ब्ल्याकेंट लगायतका सामग्री वितरण गरे ।

आईतबार मध्यराती लामखुट्टे धपाउन बालिएको घुर सल्केर आगलागी हुँदा सो वडका आधा दर्जन घर खरानी भएको थियो । सबै सुतिरहेका बेला मध्यराती भएको आगलागीले सो वडाका अनिल नारायण यादव, मायाराम यादव, रोज नारायण यादव, गंगाराम यादव,नागेन्द्र यादव लगायत ६ परिबारको सर्बस्व गुमेको छ ।

आगलागीबाट करिब १५ लाख ५२ हजारको क्षती भएको प्रहरीको प्रारम्भीक अनुमान छ । पिडीत परिबारलाई राहत जुटाउने कार्यमा सबै सयन्त्र परिचालन गरेर लागी रहेको गाउँपालिकाका अध्यक्ष यादवले बताए ।

जिल्लामा २०७७/०७८ मा आगलागीका ६७ घट्ना भएका थिए । ०७९/८० को हाल सम्मको अबधीमा २९ बटा आगलागीका घट्ना भएको राजविराज नगरपालिकाको बारुणयन्त्र शाखाको तथ्याँकले देखाएको छ ।

आगालागीको सर्बाधिक घट्ना हुने सप्तरी जिल्लामा स्थानीयस्तरमा आगलागीबाट जोगिने तथा आगलागी भईहाले तत्काल नियन्त्रणमा लिन विभिन्न पालिकाको बिपद ब्यबस्थापन समिती तथा सेना र प्रहरी समेतले समय समयमा बिपद ब्यबस्थापन सम्बन्धि साँकेतिक अभ्यास र सचेतना कार्यक्रम समेत चलाउदै आएको छ ।

विशेष गरी ग्रामिण क्षेत्रमा सर्बसाधारणले आवश्यक साबधानी नअपनाउँदा आगलागीका घट्ना न्युनिकरणमा समस्या हुने गरेको बताउँदै सरोकारबालाहरुले यस तर्फ आवश्यक साबधानि अपनाउन सबै संग अपिल गरेको छ ।

## दलित अधिकार र दलित सशक्तिकरण भएपनि हालसम्म कार्यान्वयनमा आएन : योजना आयोग सदस्य डा. राउत




**दैनिक समाचारदाता**
**राजविराज, २ फागुन ।**

राष्ट्रिय योजना आयोगका सदस्य डा. जयकान्त राउतले राजनीतिक दलहरुको प्रमुख एजेण्डा दलित अधिकार र दलित सशक्तिकरण भएपनि अहिले सम्म सो कार्यान्वयनमा नआएको बताएका छन् ।

दलित सरोकार मञ्चद्वारा सोमबार आयोजित दलित अधिकार कायान्वयनका लागि राष्ट्रिय योजना आयोगको भूमिका बिषयक अन्तरक्रियामा डा. राउतले सो कुरा बताएका हुन ।

उनले भने, 'जब सम्म समुदायका दलित गरिबहरुको उन्नती हुदैन तबसम्म देशको बिकास हुनसक्दैन । अहिले सम्म दलित, सिमान्तकृत समुदायको बिकास नहुनुको कारण राजनीतिक दल तथा संघसंस्थाले उनीहरुप्रति इमान्दारी नदेखाउनु हो ।'

*बाँकी अन्तिम पृष्ठमा*

## मालपोतमा 'टाइमकार्ड' लागू हुँदै

काठमाडौँ, २ फागुन (रासस) ।



मालपोत कार्यालयको सेवालाई सेवाग्राहीमैत्री पारदर्शी र गुनासोमुक्त बनाउन टाइमकार्ड लागू हुने भएको छ ।

भूमि व्यवस्था तथा सहकारी मन्त्रालयले मालपोत कार्यालयबाट सम्पादन हुने सबै प्रकारका सेवा दुई घण्टाभित्रमा सम्पन्न हुने गरी कार्यसम्पादनको व्यवस्था मिलाउन निर्देशन दिइसकेको छ ।

मन्त्रालयका सचिव डा दामोदर रेग्मीले सबैले देख्ने र बुझ्ने गरी दुई घण्टाभित्र काम सम्पन्न गर्ने जानकारीसहितको नागरिक बडापत्रको व्यवस्था मिलाउन निर्देशन दिएको बताउनुभयो ।

मोरङलगायत मुलुकका विभिन्न भागमा रहेका मालपोत कार्यालय र नापीको अनुगमनपछि रासससँग कुराकानी गर्दै उहाँले सेवाग्राही र लेखापढी

*बाँकी अन्तिम पृष्ठमा*

**बोलबम !**  **बोलबम !!**  **बोलबम !!!**

**यही मिति २०७९ साल फाल्गुन ६ गते महाशिवरात्री पर्व पर्न गएको हुँदा सो अवसरमा सप्तकोशी ब्यारेजको पवित्र जल काँवरमा ल्याई प्राचीन महादेव श्री हरिनन्देश्वर महादेव मन्दिरमा जल रिसाल गरी पूण्यको भागी बनौं ।**

**अनुरोधकर्ता**
**श्री हरिनन्देश्वर महादेव मन्दिर**
**संरक्षण, सम्बर्द्धन समिति, राजविराज**

**आँखा स्वास्थ्यको लागि उत्कृष्ट उपचार**

 **तपाईकै सहर राजविराजमा** 

आँखा सम्बन्धि उत्कृष्ट सेवाका लागि सहज र सुलभ उपचारलाई मध्यनजर गरी नेपालकै दक्ष, अनुभवी तथा वरिष्ठ नेत्र विशेषज्ञहरुको सेवा अब उपरान्त **सगरमाथा आँखा अस्पताल प्रा.लि.**, रुपनी रोडमा उपलब्ध हुने सहर्ष जानकारी गराउँदछौं ।

*हाम्रा विशेषताहरु*

१. अनलाईन नाम दर्ताको सुविधा,
२. अत्याधुनिक फेको प्रविधिवाट मोतिया बिन्दुको शल्यक्रिया,
३. बिना सुई फेको प्रविधिबाट मोतिया बिन्दुको शल्यक्रिया,
४. एकै दिनमा शल्यक्रिया गराई डिस्चार्ज सेवाको व्यवस्था (Day Care)
५. सुख्खा आँखाको उपचार
६. कोर्निया अल्सर तथा आँखाको नानी प्रत्यारोपणको सम्बन्धि विशेषकृत सेवा
७. दृष्टिपर्दा उपचार तथा शल्यक्रियाको विशेषकृत सेवा
८. आँखाको बनावट तथा सौन्दर्यता कायम राख्नकालागि अकुलोप्लाष्टिको विशेषकृत सेवाहरु
९. जलबिन्दुको उपचार तथा शल्यक्रियाको विशेषकृत सेवा
१०. बच्चाको आँखा जाँचका सेवाहरु
११. वरिष्ठ दृष्टि विशेषज्ञद्वारा आँखाको पावर जाँच
१२. B-Scan/VisualField/OCT/Airpuff tonometer/Auto Refractometer लगायतका diagnostic सुविधाहरु

**सगरमाथा आँखा अस्पताल प्रा.लि.**

**राजविराज-८, रुपनी रोड, सम्पर्क नं. :- ९८०५७११२२२**

**बिरामी जाँचको समय :** बिहान ८:३० देखि ५:०० बजेसम्म

# राजनीतिक परिवर्तन र जनताका आकाङ्क्षा

**भैरव रिसाल**

काठमाडौँ, २ फागुन (रासस)।

नेपाली राजनीतिले थुप्रै उतारचढाव पार गर्दै आएको छ । विभिन्न कालखण्डमा ठूला परिवर्तनहरू पनि भए तर त्यसको उद्देश्यअनुसार परिणाम भने आउन सकेन । राजनीति सुकिलो हुनुपर्नेमा फोहरी बन्यो । नेताहरू निर्लोभी हुनुपर्नेमा लोभी भए । लोभी पनि औधी लोभी । नेता राजनीतिक कार्यकर्ता र जनताका लागि हुनुपर्नेमा आफू र आफन्तका लागि सीमित भए । यसले गर्दा नेताबाट जनताको बिश्वास हराउँदै गयो । राजनीति नदीको पानीजस्तै सलल्ल बग्नुपर्नेमा जम्दै गयो । जमेको पानी फोहर बन्यो । सलल्ल बगेको राजनीति चोखो हुन्थ्यो । चिसो कुरा चिसो नै हुन्छ । सक्कली भनेको सक्कली नै हो । यसमा केही जोडिरहनु पर्दैन । नक्कलीलाई जति सिङ्गारे पनि कहिल्यै सक्कली हुँदैन । यो ध्रुवसत्य हो । मंगलबार नेपालको राजनीति यस्तै अवस्थाबाट गुज्रँदै आएको छ ।

जनयुद्ध सुरु हुने ताका आम सर्वसाधारण, धेरै नेपालीलाई थाहा भइसकेको थियो कि राजा वा राजसंस्था चाहे त्यो संवैधानिक होस् वा प्रत्यक्ष होस् त्यसको आवश्यकता वा औचित्य छैन भन्ने भइसकेको थियो । तत्कालीन राजा प्रत्यक्ष शासन गर्ने दाउमा थिए । जबकी राजाको प्रत्यक्ष शासनको युग समाप्त भइसकेको थियो । त्यतिबेला नै मानिस बाँधिएर बस्न चाहेका थिएनन् । जुन २० औं शताब्दीको सन्देश थियो ।

स्वतन्त्रताको स्वादिलो हावा नेपालमा बिसं १९८७ देखि लाग्न थालिसकेको थियो । नेपालमा खड्गमान बस्न्यातजस्ता केही युवकले उतिबेला नै राणा शासन उखेलेर राजाको शासन ल्याउन चाहेका थिए तर परिस्थिति परिपक्व हुन बाँकी नै थियो । राणाहरूको पारिवारिक एकतन्त्रीय शासनले युवा विद्रोहीलाई गिरफ्तार गरी निर्मम सजाय दिनेबाहेक राणाहरूले अन्य विकल्प देखेनन् । त्यो आन्दोलन दमन गरियो । परन्तु चेतनाको टुसो नेपाल पसिसकेको थियो । पछि त्यो टुसो मोरङमा टुसायो । कृष्णप्रसाद कोइराला पूर्वी नेपालको दुम्जामा जन्मिएका रहेछन् । बसाइँ सर्दासर्दै मोरङ पुगेछन् । विराटनगरमा बसोबास गरेछन् । औलोको खानी मोरङ विराटगर, तर औलोसँग जुधी त्यहीँ बसोबास गरे ।

भारतमा पनि इस्ट इन्डिया कम्पनी सरकारले व्यापार गर्दा गर्दै अङ्ग्रेजलाई हटाई भारतीयहरूद्वारा सरकार सञ्चालन गर्ने चेतना आएछ । भारतीयहरूद्वारा नै शासन गर्ने मनसायले अखिल भारतीय राष्ट्रिय कांग्रेस गठन गरियो । यता राणाहरूको नीति पैसा मस्त कमाउन दिने र सरकारी ठेक्का दिने थियो । काम सकिएपछि यसका कमजोरी पत्ता लगाई जरिवाना गर्ने नीति थियो । सर्वस्वहरण गर्ने उनीहरूको नीति थियो । जसले कमाएको छ सबै सर्वस्व हुन्थ्यो । त्यो सम्पत्ति श्री ३ महाराजको हुने गर्थ्यो । राणा शासनको यस्तो चङ्गुलमा कृष्णप्रसाद कोइराला पनि परेछन् । उनले भन्सार अड्डाको ठेक्का लिएछन् । पछि त्यसैका आधारमा उनको सर्वस्वहरण भयो ।

उनले शिक्षाको महत्त्व राम्री बुझेका थिए । विराटनगरमा विद्यालय खालेर आफ्ना छोराहरू मातृका र विश्वेश्वर (बीपी) लगायतलाई पढ्न लगाएका थिए । कृष्णप्रसादको सर्वस्व भएपछि नेपाल बस्न नसकी भारतमा प्रवासी बन्न पुगे । आफ्ना छोराछोरीलाई उतै पढ्ने व्यवस्था मिलाए । त्यसैबेला भारतमा स्वतन्त्रता आन्दोलन चर्किएको थियो । मातृका, विश्वेश्वर पनि भारतीय स्वतन्त्रता आन्दोलनमा भाग लिन पुगे । आन्दोलनमा उनीहरू पक्राउ परे । मनमोहन अधिकारी पनि भारतीय स्वतन्त्रता सङ्ग्राममा संलग्न भए । बीपीलगायत केही व्यक्तिलाई अड्डासार गरी काठमाडौँ ल्याई थुनियो । यो घटनाले पहाडमा प्रजातन्त्रको चेतना ल्यायो । यसै क्रममा कृष्णप्रसाद थुनामा परे, त्यहीँ उनको मृत्यु भयो । छोराहरूले उनको काजकिरिया पनि गर्न पाएनन् ।

यसैबेला पुष्पलालले अन्तर्राष्ट्रिय कम्युनिष्ट पार्टीको घोषणापत्र नेपालीमा अनुवाद गरी छपाए । यसले नेपालमा ठूलो प्रभाव पार्‍यो र नेपाल कम्युनिष्ट पार्टीको जन्म भयो । राणा विरोधी आन्दोलन विस्तारै बढ्न थालेको थियो । सशस्त्र क्रान्ति हुने नै भयो । राजा त्रिभुवन माइला नाति ज्ञानेन्द्रलाई राजगद्दी छाडी दिल्ली गए । उनी दिल्लीमा नेहरूको घरमा बसे । भारत सरकारले भेट्न अनुमति दिएका व्यक्तिले मात्रै राजासँग भेट्न पाउँथे । राजा त्रिभुवन एक किसिमले नजरबन्दमा थिए ।

यता नेपालमा नेपाली कांग्रेसको नेतृत्वमा सशस्त्र आन्दोलन भयो । थीरबम मल्ल शहीद बने । आन्दोलन केही समय शिथिल बन्नपुग्यो । पछि फेरि हतियार ल्याएर आन्दोलनलाई सशक्त पारियो । मोहन शम्शेरले ज्ञानेन्द्रको नाममा टकमरी ( नाममा पैसा छाप्ने) गराएका थिए । पछि त्यो हटचो । त्रिभुवन नेपाल आउने भएपछि मोहन शम्शेरले ठूलै रकम त्रिभुवनलाई दिएका थिए भनिन्छ । राणा शासन र प्रजातन्त्र मिलाउने काममा विजय शम्शेरले ठूलो भूमिका खेलेका थिए ।

प्रजातन्त्र आएपछि नेपाली जनताले आफ्ना प्रतिनिधिले छानेको विधायिका सभाका सदस्यले संविधान बनाउँछन् भनिएको थियो तर त्यसमा राजा इमान्दार रहेनछन् । राजाले चुनाव गराउन खोजेनन् । प्रधानमन्त्री टङ्कप्रसाद आचार्यमार्फत छिट्टै विधानसभा वा संसद्को चुनाव हुन्छ भन्न लगाए । राजाले २०१५ फागुन १ गते चुनाव हुने घोषणा गरे तर केको चुनाव हुने भन्ने प्रष्ट भनेका थिएनन् । भित्रभित्रै राजाले बेलायतका संविधानविद् सर आइभर जेनिङलाई संविधान लेख्न लगाई फागुन १ गते नै संविधानको घोषणा गरे ।

एकैचोटि २०१५ फागुन ७ गतेदेखि संसद्को चुनाव सुरु भयो । मतदान विभिन्न चरणमा भयो । त्यतिबेला कांग्रेसको प्रभाव भएकाले जनताले पनि कांग्रेसलाई नै भोट दिए । झण्डै दुई तिहाइ सिट जितिन्छ भन्ने स्वयं वीपीलाई पनि विश्वास थिएन भने राजालाई कुनै पार्टीले बहुमत ल्याउँछ भन्ने लागेको थिएन । राजाका नजिककाहरूले कसैले पनि बहुमत ल्याउन सक्दैन भनेर विश्वास दिलाएका थिए । वीपीले पनि कांग्रेसको खास शक्ति कति हो भनी अनुमान गर्न सकेका थिएनन् ।

**राजनीति तातो पिँडालु बन्यो**

मुलुकमा प्रजातन्त्र आए पनि जनतामा त्यसको अनुभूति हुन सकेन । जनता र नेताबीचको खाडल बढ्दै गयो । चुनाव लड्ने नेताहरूमा पनि प्रजातन्त्रप्रति विश्वास घट्दै जान थाल्यो । यसले गर्दा नेपालको राजनीति एक पछि अर्को विकृत हुँदै जान थाल्यो । अहिले त धेरैजसो नेताहरू नै राजनीतिबाट त्रसित बन्न थालेका छन् । अहिले पार्टी नेतालाई हेर्ने भयो वा नेताले पार्टीलाई आफ्नो अनुकूल बनाउन थाले । सत्तामा जोसुकै होस् उनीहरूका लागि राजनीति तातो पिँडालुजस्तो भएको छ । न खाउँ भने भोक लागेको छ, खाउँ भने तातो पिँडालुले पोल्छ ।

राजनीतिमा इमान्दारी भएन भने त्यसको प्रतिफल विकृत आउँछ । यसैगरी राजनीति विकृत बन्दै जाने हो भने देशै बिग्रने सम्भावना छ । अहिले राजनीतिक मैदानमा मुख्यगरी प्रचण्ड, केपी ओली र देउवा मुख्य खेलाडी छन् । अझै मौका छ, यी तीन नेताले बुद्धि पुर्‍याई राजनीतिलाई सही दिशामा डोहोर्‍याउन सक्नुपर्छ । अरु पार्टीलाई जनताले पत्याएका छैनन् । देश सप्रेमा वा बिग्रेमा यसको दायित्व नेपाली जनतामा होइन, यिनै नेताहरूमा जान्छ । नेपाली जनता धेरै ज्ञानी र धैर्यशील छन् ।

**मिडियाको भूमिका महत्त्वपूर्ण**

राजनीतिलाई गलत बाटोमा जान नदिन मिडियाको पनि उत्तिकै भूमिका हुनुपर्छ तर यतिबेला नेपालको मिडिया अलमलमा परेकोजस्तो देखिन्छ । कतिपय मिडियाले त प्रतिगमनलाई पनि पछ्याएको देखिन्छ जुन सरासर गलत हो । प्रतिगमन कहिल्यै अग्रगमन हुन सक्दैन । वर्षौंवर्षदेखि स्वतन्त्र, स्वाधीन, स्वाभिमानी रहँदै आएको नेपाललाई आजको पुस्ताले उज्यालो बनाउनुपर्छ । यो पावन काममा नेपालको मिडियाले निःस्वार्थरूपमा निश्चित फलाकाङ्क्षी नभई सघाउनुपर्छ । संस्थाहरू उत्तरदायी हुनु भनेको यस्तो अप्ठ्यारोमा हो । सजिलो परिस्थितिमा त जो कोही पनि नजिक जान्छन्, असजिलोमा सहयोग गर्नु नै सिद्धान्तप्रति इमान्दारी हो, समर्पण हो ।

अन्त्यमा राजनीतिक प्रणालीलाई जनतासँग जोड्ने काममा राससले अग्रणी भूमिका खेल्न सक्नुपर्छ । राससलाई जनताले हाम्रो हुनुपर्छ भनेका छन् । सरकारबाट पनि विपक्षी नहुने र राजनीतिक पार्टीहरू पनि विपक्षी नहुने आम जनता कसरी आफ्नो हुन्छन् ? भन्ने कुरामा रासस सधैँ चनाखो हुनुपर्छ । राससले आफ्नो योगदान गर्ने भनेको सुविधा र सजिलो बेलामा नभई यस्तै असजिलो अवस्थामा आफ्नो परिचय दिनुपर्छ । राजनीतिक प्रणाली र नेताहरूप्रति अविश्वास बढ्न नदिन र जनतामा सकारात्मक सञ्चार गराउन राससले अभिमत निर्माण गर्न सक्नुपर्छ । *(लेखक वरिष्ठ पत्रकार हुनुहुन्छ)*

# ‘मुख्यमन्त्रीले संसद्को विश्वासमा काम गर्नुपर्छ’

जनकपुरधाम, २ फागुन (रासस)।

मधेस प्रदेशसभा सदस्यले मुख्यमन्त्री सरोजकुमार यादवले प्रदेशसभाको अभूतपूर्व विश्वासलाई कायम राख्ने गरी काम गर्नसक्नुपर्नेमा जोड दिनुभएको छ । सोमबार मधेस प्रदेशसभाको पहिलो अधिवेशनको पाँचौँ बैठकमा मुख्यमन्त्री यादवलाई बधाई ज्ञापन गर्ने कार्यसूचीमा आ-आफ्ना धारणा राख्दै प्रदेशसभा सदस्यले शत्प्रतिशत विश्वासको मत प्राप्त गर्नुभएका मुख्यमन्त्री यादवले त्यसको भावनाअनुसार उदाहरणीय काम गर्नसक्नुपर्ने बताएका हुन् ।

“मुख्यमन्त्रीले उपस्थित एकसय दुई जनामध्ये शत्प्रतिशत मत पाउनुभयो, त्यो तपाईंको सौभाग्य हो”, सभामा बोल्ने अधिकांश सदस्यले भन्नुभयो, “त्यो मत मधेसको हितका पक्षमा काम गर्नका लागि हो, त्यसैले अघिल्लो सरकारका कामबाट पाठ सिक्दै सिङ्गो मधेस प्रदेश र यहाँका जनताको पक्षमा काम गर्नुहोस् ।”

सम्बोधनका क्रममा प्रदेशसभा सदस्य जङ्गीलाल रायले मुख्यमन्त्री यादवले सडक र सदनमा उठेका कुरालाई सम्बोधन गर्ने अपेक्षासहित कांग्रेसले विश्वासको मत दिएकाले त्यसलाई मधेसको हितमा प्रयोग गर्न आग्रह गर्नुभयो । “हामीले मधेस प्रदेशको हितका पक्षमा काम गर्ने अपेक्षासहित मत दिएका हौँ”, रायले भन्नुभयो, “विश्वासको मत दिँदैमा सबै सत्तापक्ष हुन् र संसद्मा प्रतिपक्ष छैन भन्ने नरहोस्, आउने दिनमा मुख्यमन्त्रीले गर्ने काम र खेल्ने भूमिकाले नै थप मूल्याङ्कन हुनेछ, त्यहीअनुसार हामी प्रस्तुत हुनेछौँ ।”

त्यसैगरी प्रदेशसभा सदस्य गोविन्दबहादुर न्यौपानेले आफूहरूले मुख्यमन्त्रीलाई विश्वासको मत दिए पनि रचनात्मक प्रतिपक्षको भूमिका निर्वाह गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो । उहाँले अहिलेको सरकारले सामन्तवादका अवशेषलाई हटाउने गरी समाजवाद उन्मुख नीति, बजेट तथा कार्यक्रम ल्याउने शर्तमा आफूहरूले शुभकामना मात्रै दिने बताउनुभयो । “संसद्मा प्रतिपक्ष नभएको विषयमा कुरा उठेको छ, पछिल्लो राजनीतिक अवस्थाका कारण हामीले मुख्यमन्त्रीलाई विश्वासको मत दिएका छौँ”, न्यौपानेले भन्नुभयो, “जनअपेक्षाअनुसार काम नभएमा प्रतिपक्ष कति कडा हुन्छ भनेर देखाउने छौँ, त्यसैले जनअपेक्षाअनुसार काम हुनुपर्छ ।”

प्रदेशभा सदस्य रामअशिष यादवले लोकतन्त्रमा संसद् प्रतिपक्षको हुने भएकाले सरकारलाई नियमन र नियन्त्रण गर्न सबैले आवश्यकतानुसार प्रतिपक्षको भूमिका खेल्नुपर्ने बताउनुभयो । “सङ्घीयता र गणतन्त्रको संस्थागत विकास र मधेसी जनताको हितलाई सर्वोपरि ठानेर मन्त्रिपरिषद्ले काम गर्न जरुरी छ”, यादवले भन्नुभयो, “पद सर्वकालीन हुँदैन तर पदमा भएको बेला गरेको काम सर्वकालीन हुने भएकाले लोकहितमा काम गरौँ ।”

मुख्यमन्त्रीलाई धन्यवाद दिनेक्रममा प्रदेशसभा सदस्य दीपेन्द्रकुमार ठाकुर, चन्दनकुमार सिंह, अभिराम शर्मा, जवाहरलाल कुशवाह, कञ्चन विछा, विला अन्सारी र उर्मिलादेवी सिंहले सभालाई सम्बोधन गर्नुभएको थियो । उहाँहरूले पनि मुख्यमन्त्री र उहाँ नेतृत्वको सरकारले जनजीवकासँग जोडिएका समस्या समाधान गर्दै सुशासन,

*बाँकी तीन पृष्ठमा*


डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics
(BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. सन्तोष प्रसाद शाह
Dr. Santosh Prasad Sah
MBBS (T.U.), MD Internal Medicine
(NAMS, Bir Hospital Kathmandu)
NMC Reg. No. : 15019
कन्सलटेन्ट फिजिसियन

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

डा. यमेश यादव
Dr. Yamesh Yadav
MBBS (T.U), MS (Nobel Medical College, K.U.)
General and Laproscopic Surgeon
NMC Reg. No. : 16392
जेनरल सर्जन

सम्पर्क :
कृताञ्जली मेडिकल हँल
राजविराज
Mo. No : 9842830252, 9804605569

# सरकारले कुन आयोजनाका लागि कति वैदेशिक सहायता लिँदैछ ?

काठमाडौं, २ फागुन (रासस) ।

आइतबार सार्वजनिक भएको चालु आर्थिक वर्ष २०७९/८० को बजेटको अर्धवार्षिक समीक्षा प्रतिवेदनअनुसार गत पुस मसान्तसम्ममा सरकारले रू ३० अर्ब आन्तरिक र २६ अर्ब ४६ करोड बाह्य ऋण उठाएको छ । यहि अवधिमा सरकारले लिएको वैदेशिक अनुदान रू आठ अर्ब १२ करोड बराबर छ ।

सरकारले वार्षिक नीति तथा कार्यक्रम कार्यान्वयनका लागि आन्तरिक तथा बाह्य ऋण र वैदेशिक अनुदान लिने गरेको छ ।

चालु तथा आगामी आवका लागि विकास सहायता परिचालन गर्ने गरी विभिन्न विकास साझेदारसँग छलफल तथा वार्ता भइरहेको अर्थ मन्त्रालयले जनाएको छ । एक दर्जनभन्दा बढी विकास साझेदारसँग ऋण र अनुदानका लागि पहल भइरहेको बजेटको अर्धवार्षिक समीक्षा प्रतिवेदनमा उल्लेख छ ।

समीक्षा प्रतिवेदनअनुसार सरकारले काँकडभिट्टा-लौहकी सडक खण्ड कार्यान्वयनका लागि एसियाली विकास बैंक (एडिबी)बाट अमेरिकी डलर ३० करोड (रू ३९ अर्ब) सहुलियतपूर्ण ऋण लिनका पहल गरिरहेको छ । त्यस्तो ऋण लिनका लागि एडिबीसँग वार्ता भइसकेको अर्थ मन्त्रालयले जनाएको छ ।

विद्यालय क्षेत्र सुधार कार्यक्रमका लागि विश्व बैंकबाट अमेरिकी डलर १० करोड (रू १३ अर्ब) बराबरको सहुलियतपूर्ण लिने सरकारको तयारी छ । यस्तो ऋण प्राप्त गर्न विश्व बैंकसँग वार्ताको चरणमा रहेको सरकारको भनाइ छ ।

त्यस्तै, विश्व बैंकबाटै गुणस्तरीय स्वास्थ्य प्रणाली आयोजनाका लागि अमेरिकी डलर १० करोड (करिब रू १३ अर्ब) बराबरको सहुलियतपूर्ण ऋण लिन लागिएको छ । यो ऋण सहायता प्राप्त गर्न आयोजना दस्तावेज तयार भइसकेको जनाइएको छ ।

नेपालको वित्तीय क्षेत्र पुनर्संरचना (फिस्कल डीपीसी-२) कार्यक्रमअन्तर्गत विश्व बैंकबाट अमेरिकी डलर १० करोड (करिब रू. १३ अर्ब) बराबरको बजेटरी सहायताका लागि सहुलियतपूर्ण ऋण लिन लागिएको पनि अर्थ मन्त्रालयले प्रतिवेदनमा उल्लेख गरेको छ ।

त्यस्तै, 'फाइनान्स फर ग्रोथ' कार्यक्रमअन्तर्गत् विश्व बैंकबाट अमेरिकी डलर १० करोड (करिब रू १३ अर्ब) बराबरको बजेटरी सहायता लिने तयारी भैरहेको जनाइएको छ । कूल छ सय ३५ मेगावाट विद्युत् उत्पादन क्षमताको दूधकोशी जलाशययुक्त जलविद्युत् आयोजना कार्यान्वयनका लागि एसियाली विकास बैंकले प्रारम्भिक सहमति जनाइसकेको छ ।

"यो आयोजना कार्यान्वनयका लागि एसियाली विकास बैंकबाट अमेरिकी डलर ५८ करोड (करिब रू ७५ अर्ब ४० करोड) बराबरको सहुलियतपूर्ण ऋण प्रदान गर्ने आशय प्राप्त भएको छ । यो आयोजनामा अन्य दातृ निकायबाट पनि लगानी जुटाउन समन्वय भइरहेको छ," बजेटको अर्धवार्षिक समीक्षा प्रतिवेदनमा भनिएको छ ।ञ्रस

त्यसैगरी, एक हजार ६१ मेगावाट विद्युत् उत्पादन क्षमता रहेको माथिल्लो अरुण जलाशययुक्त जलविद्युत् आयोजना कार्यान्वयनका लागि विश्व बैंकबाट अमेरिकी डलर ५० करोड (करिब रू ६५) अर्ब बराबरको सहुलियतपूर्ण ऋण सहायता जुटाउन गृहकार्य भैरहेको छ । यो आयोजनामा बाँकी रकम जुटाउन अन्य सम्भाव्य लगानीकर्तासँग समन्वय भइरहेको पनि अर्थ मन्त्रालयको भनाइ छ ।

भन्सार पुनर्संरचना कार्यक्रम कार्यान्वयनका लागि एसियाली विकास बैंकबाट अमेरिकी डलर पाँच करोड ( करिब रू छ अर्ब ५० करोड) बराबर सहुलियतपूर्ण ऋण सहायता प्राप्त गर्ने क्रममा छ ।

सार्वजनिक वित्तीय व्यवस्थापन तथा सेवा प्रवाह सुधार कार्यक्रम कार्यान्वयनका लागि एसियाली विकास बैंकबाट ऋण लिन लागिएको छ । यो कार्यक्रमका लागि अमेरिकी डलर १० करोड ( करिब रू १३ अर्ब) बराबरको सहुलियतपूर्ण ऋण प्राप्त गर्न पूर्वतयारीको केहि काम पूरा गर्न बाँकी रहेको मन्त्रालयले जनाएको छ ।

स्थानीय पूर्वाधार सहायता कार्यक्रम कार्यान्वयनका लागि बेलायत सरकारबाट अनुदान सहायताको रूपमा पाउन्ड स्टर्लिङ नौ करोड (करिब रू १४ अर्ब ४० करोड) बराबर प्राप्त गर्न समझदारीपत्रको मस्यौदामा छलफल भइरहेको छ ।

त्यस्तै, ग्रामीण सडक सञ्जाल सुधार आयोजना कार्यान्वयनका लागि एसियाली विकास बैंकबाट अमेरिकी डलर आठ करोड आठ लाख ( करिब रू एक अर्ब १९ करोड) ऋण लिन लागिएको छ । यो अतिरिक्त लगानीबापत सहुलियतपूर्ण ऋण सहायता प्राप्त गर्ने सम्बन्धमा द्विपक्षीय वार्ताको चरणमा रहेको अर्थ मन्त्रालयले प्रतिवेदनमा उल्लेख गरेको छ ।

ऋण मात्र नभई विदेशी सहायता लिनका लागि पनि केहि विकास साझेदार र दातृ निकायहरूसँग सरकारले छलफल गरिरहेको छ । "विद्यालय शिक्षा क्षेत्र योजना कार्यान्वयनलगायत अन्य क्षेत्रका लागि युरोपियन युनियनबाट बजेट सहायताका रूपमा चार करोड युरो अनुदान प्राप्त गर्न सम्बन्धित मन्त्रालयबाट राय, प्रतिक्रिया प्राप्त भएको र कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयबाट राय प्रतिक्रिया प्राप्त हुने चरणमा रहेको छ", बजेटको अर्धवार्षिक समीक्षा प्रतिवेदनमा भनिएको छ ।

त्यसैगरी, कृषि तथा ग्रामीण विकासका लागि योगदान (कार्ड)मार्फत् युरोपियन युनियनबाट रू एक करोड ५६ लाख अनुदान प्राप्त गर्नका युरोपियन युनियनलाई अनुरोध गरिएको छ । यो अनुदान सहायता प्राप्त हुने प्रक्रियामा रहेको अर्थ मन्त्रालयले जनाएको छ ।

*'मुख्यमन्त्रीले ...*

सङ्घीयता र लोकतान्त्रिक गणतन्त्रको मर्मअनुसार काम गर्ने अपेक्षा व्यक्त गर्नुभयो ।

यसअघि मंगलबारको बैठकमा प्रदेश प्रमुख हरिशङ्कर मिश्रबाट मन्त्रिपरिषद् पुर्नगठनसम्बन्धी प्राप्त पत्र सभासमक्ष प्रस्तुत गरिएको थियो । प्रदेशसभाको अर्को बैठक भोलि बुधबार दिउँसो १ बजे बस्ने छ ।

## मत्स्य कृषकहरुका लागि जानकारी

**पोखरीको तयारी**

पोखरी सुकाउने वा पानी सुकाउन नसके वा पानीको स्रोत नभएको पोखरी भए त्यसमा पुराना र जंगली माछाहरु जाल तानेर निर्मूल पार्ने वा एमोनियम सल्फेट र चुनको मिश्रण १:५ को अनुपातमा एक कठ्ठा जलाशयको लागि एमोनियम सल्फेट ३.७५ के.जी र घर पोत्ने चुना १८.७५ के.जी.मिलाएर छरेर जंगली माछा मार्ने । पोखरीको डिल र साईडमा भएका झारपात हटाउने । आवश्यकता अनुसार मर्मत सम्भार गर्ने ।

**घर पोतने चुना** :१०-१५ के. जी. चुनाप्रति कठ्ठाका दरले चारै तिर छर्ने ।

**मल.** गोवर मल १०० के. जी. प्रति कठ्ठा शुरुमा र त्यसपछि हरेक हप्तामा १५ के. जी. प्रति कठ्ठाका दरले प्रयोग गर्ने तर नयाँ पोखरीको लागि १५० देखि ३०० के जी पाकेको गोबर मल प्रयोग गने वा १७ के जी डि. ए.पी र १ के जी यूरियाप्रति कठ्ठा दरले प्रत्येक १५ दिनमा प्रयोग गर्ने । उपयुक्त डोज पानीको **मलिलोपनमा** भर पर्छ । कम्तिमा १.५ मि. पानी राखने (प्रवेशद्धारमा जाली राखेर) ।

माछा भुरा फिंगरलिङ्गको स्टोकिंग ५-६ दिन पछि १००० देखि १५०० गोटा प्रति कठ्ठाको दरले स्टक गरिन्छ । तर पालन प्रनिधि अनुसार स्टोकिङ्ग डेन्सिटी फरक पर्न सक्छ ।

**स्टकिंग प्रतिशत**

| सि. नं. | माछाको नाम | स्टोकिङ्ग डेन्सिटी १ प्रतिशत | स्टोकिङ्ग डेन्सिटी २ | स्टोकिङ्ग डेन्सिटी ३ | स्टोकिङ्ग डेन्सिटी ४ |
|---|---|---|---|---|---|
| १ | कमनकार्प | २५ | २० | ४० | २० |
| २ | सिल्भर कार्प | ३५ | ४० | २५ | २० |
| ३ | बिगहेड कार्प | १० | २० | १५ | ४० |
| ४ | ग्रास कार्प | ५ | १० | १० | १० |
| ५ | रहु | १५ | | | १० |
| ६ | नैनि | १० | १० | १० | |
| ७ | भाकुर | | | | |

**माछाको आहार विहार**

| माछाको नाम | आहाराको क्षेत्र | आहारा |
|---|---|---|
| भाकुर | पानीको माथिल्लो भाग देखीमध्य भाग | जुप्लाक्टन |
| रहु<br>नैनि | पानीको मध्य भागदेखी पिंध सम्म<br>पानीको पिंधभागमा | डट्रिटस, दाना<br>सर्वाहारी दाना |
| सिल्भर कार्प | पानीको माथिल्लो भाग | फाईटोप्लांटन |
| बिगहेड कार्प | पानीको माथिल्लो भागदेखी मध्यभाग सम्म | जुप्लांक्टन |
| ग्रास कार्प | पानीको जुन सुकै भागमा | घाँस, दाना |
| कमनकार्प | पानीको पिंधभागमा | सर्वाहारी दाना |

**प्रयोग :**

पेलेट दाना माछाको शारिरीक तौलको ५ प्रतिशतको दरले दिने (शुरुमा ५ देखी १० प्रतिशत शारिरीक तौलको र ठूलो माछाको हकमा १ देखी ३ प्रतिशत शारिरीक तौलको वा ग्रास कार्प ५० ग्रामभन्दा ठूला शारिरीक तौलको २० देखी ३० प्रतिशतसम्म घाँस खान्छ, त्यही अनुपातमा घाँस हाल्ने

**वा**

**२५ प्रतिशत प्रोटिन भएको दाना बनाउनका लागि सामग्रीहरु**

१. धानको ढुटो : १५% २. गहुँको पिठो : २०% ३. मकैको पिठो : ५% ४. गहुको चोकर : १४.५% ५. माछाको सिद्रा : ७%, ६. भटमास : २३.५ % ७. पिना : १५% ८. मिनरल मिक्स २%

**मत्स्य विकास केन्द्र, फत्तेपुर, सप्तरी**
मोबाईल नं. ९८५२८२०९३५

# विश्व समाचार

## टर्कीए भूकम्पमा छत्तीस हजारभन्दा बढीको मृत्यु

इस्तानबुल, २ फागुन (रासस/एएफपी) ।

टर्कीएको पूर्वी भाग र छिमेकी सिरियामा गत माघ २३ गतेको भूकम्पमा परी ३६ हजारभन्दा बढीको मृत्यु भएको छभने हजारौं घाइते भएका छन् । टर्कीएको कहरामनमारसलाई केन्द्रविन्दु बनाएर सात दशमलव आठ स्याम्निच्युडको भूकम्प र त्यसको केही क्षणपछिको भएको त्यति नै शक्तिशाली अर्को परकम्पबाट टर्कीएका दश वटा प्रान्तमा अकल्पनीय क्षति भएको छ । छिमेकी सिरियामा पनि जनधनको व्यापक क्षति भएको छ । भैँचालोले भत्काएको भवनको भग्नावशेषबाट जीवितै उद्धार गर्न टर्कीएमा उद्धारकर्मी अझै सङ्घर्ष गरिरहेका छन् भने भूकम्पको एक सय ७५ घण्टापछि एक जनालाई जीवितै उद्धार गरिएको छ । टर्कीए सरकारले गुणस्तरहीन भवन बनाएको अभियोगमा कैयौं निर्माण व्यवसायीलाई पक्राउ गरेको छ । अदाना शहरका अभियोजकले भत्केका भवनका सम्बन्धमा अनुसन्धान गर्न ६२ जनालाई हिरासतमा राख्न आदेश दिएका छन् । विद्रोहीको पकड रहेको उत्तरपश्चिमी सिरियामा उद्धारका काम समाप्त भएको जनाउँदै स्यम्सेवी संस्थाहरूले लामो गृहयुद्धका कारण त्यहाँ राहतका कार्यक्रम सञ्चालन गर्न कठिनाइ भएको बताएका छन् । सिरिया सरकारले विद्रोही नियन्त्रित क्षेत्रमा राहतका कार्यक्रम सञ्चालन गर्ने अनुमति दिएको छ । सिरिया सोमबारदेखि राष्ट्रिय शोकको घोषणा गर्दै ती स्यम्सेवी संस्थाहरूले देशको राष्ट्रिय झण्डा आधा झुकाएका छन् । दुवै देशका भूकम्पपीडित आंशिकरूपमा क्षतिग्रस्त भएका आफ्ना घरमा फर्कन डराइरहेका छन् । प्रतिकूल परिस्थितिका कारण आफ्ना भत्केका भवनको पुनर्निर्माणम लाग्न पनि उनीहरूलाई कठिनाइ भएको छ ।

## विश्वविद्यालयमा गोलीचल्दा तीन जना मारिए

सिकागो, २ फागुन (रासस/सिन्ह्वा) ।

अमेरिकाको मिशिगन स्टेट युनिभर्सिटीमा गोली चल्दा तीन जनाको मृत्यु भएको छ भने अन्य पाँच जना घाइते भएका छन् । विश्वविद्यालय प्रहरीका अनुसार सोमबार राति विश्वविद्यालयका दुई स्थानमा गोली हानाहान भएको हो । मास्क लगाएका होचो कदका व्यक्तिले गोली चलाएका अनुमान गरिएको छ । अभियुक्तको खोजी भइरहेको छ । विश्वविद्यालय प्रशासनले विद्यार्थीहरूलाई तत्काल सुरक्षित रहन सन्देश प्रवाह गरेकाे थियो । गोलीकाण्डबारे जानकारी प्राप्त हुनेवित्तिकै करिब ३० वटा दमकल, एम्बुलेन्स र अन्य आपत्कालीन सवारी साधन विश्वविद्यालय पुगेका थिए । यसैबीच, एशोशिएटेड प्रेसका अनुसार आक्रमणकारी पनि मारिएको छ । चार घण्टासम्म विश्वविद्यालयको वातावरण तनावग्रस्त भएको थियो । आक्रमणकारी मारिएको खबर प्रहरीले मंगलबार सार्वजनिक गरेको हो । आक्रमणकारीको नाम सार्वजनिक गरिएको छैन । निजको विश्वविद्यालयसँगको संलग्नताबारे केही उल्लेख गरिएको छैन ।

## कोरोनाबाट क्यालिफोर्नियामा एक करोड बीस लाख प्रभावित

लस एन्जलस, २ फागुन (रासस/सिन्ह्वा) ।

अमेरिकाको सबैभन्दा बढी जनघनत्व भएको राज्य क्यालिफोर्नियामा कोभिड-१९ बाट एक करोड २० लाख मानिस प्रभावित भएको एक प्रतिवेदनले देखाएको छ । चार करोड जनसङ्ख्या रहेको क्यालिफोर्निया राज्यमा गत शुक्रबारसम्म कोरोनाबाट प्रभावित भएकाको विवरण सार्वजनिक गर्दै लस एन्जलस टाइम्सले महामारीले विकराल रुप लिएका बेला कैयौंले परीक्षण नगराएका, केहीले घरमै जाँच गराएकाले पीडितको सङ्ख्या अझ अधिक भएको जनाएको छ । यो वर्षको प्रारम्भसँगै महामारी पनि नियन्त्रणमा आएकाले परिस्थिति सामान्य भएको छ । क्यालिफोर्नियाका गभर्नर गाभिन न्युसमले गत अक्टोबरमा कोभिडका कारण राज्यमा लागू गरिएको आपत्काल यसै महिनाको २८ तारिखदेखि अन्त्य हुने घोषणा गरेका थिए । करिब चार वर्षदेखि उक्त राज्यमा आपत्काल लागू भएको थियो । सन् २०२१ मा क्यालिफोर्निया महामारीको केन्द्रविन्दु नै बनेको थियो । त्यस वर्ष उक्त राज्यमा ५० लाख मानिस कोरोनाबाट सङ्क्रमित भएका थिए । गत अगष्टसम्म उक्त राज्यमा एक करोड मानिस सङ्क्रमणको शिकार भएका थिए ।

## वारी दुर्घटनामा बीस जनाको मृत्यु

जोहानेसवर्ग, २ फागुन (रासस/एएफपी) ।

दक्षिण अफ्रिकामा बस र सशस्त्र ट्रक ठोक्किँदा २० जनाको मृत्यु भएको छ । उत्तरी प्रान्त लिम्पोपोमा विपरीत दिशाबाट आ-आफ्नो गन्तव्यतर्फ हुँइकिएका ट्रक र बस ठोक्किँदा अन्य ६० जना घाइते भएका छन् । क्षेत्रीय यातायात विभागका एक अधिकारीका अनुसार घाइतेमध्ये दश जनाको अवस्था गम्भीर छ । सबै घाइतेको स्थानीय अस्पतालमा उपचार भइरहेको छ । राजमार्ग नजिकको नदीमा पनि बसका यात्री खसेका आशङ्कामा प्रहरी गोताखोर परिचालन गरेर खोजी भइरहेको छ । दुर्घटनाको कारण सार्वजनिक गरिएको छैन । दुर्घटना भएको भेगमा विगत केही दिनदेखि भारी वर्षा भएकाले चिप्लोमा ती सवारी साधनले नियन्त्रण गुमाएका अनुमान गरिएको छ । दक्षिण अफ्रिकाका धेरै भूभाग बाढीको चपेटामा परेका छन् । बाढीमा परी हालसम्म सात जनाको ज्यान गएको छ ।

# जनयुद्ध दिवस मनाईयो



**दैनिक समाचारदाता**
**राजविराज, २ फागुन ।**
सप्तरीको तिलाठी कोईलाडी गाउँपालिकास्थित बेल्ही भन्सारमा सोमबार २८ औं जनयुद्ध दिवस मनाइएको छ ।

नेकपा (माओवादी केन्द्र) तिलाठी कोईलाडी गाउँपालिकाका संयोजक मुनिलाल मुखियाको अध्यक्षतामा २८ औं जनयुद्ध दिवस मनाईएको हो ।

सो कार्यक्रममा माओवादी केन्द्रका नेता दिपेन्द्र माझीले पहिचान सहितको संघीयता माओवादीको नारा रहेको बताए । माझीले हालै सम्पन्न चुनावबाट जितेका केहि नेताहरु केन्द्रमा बसेर प्रदेश र सघीयताको बिरोध गर्दै गरेकोले त्यस्ता नेताहरुलाई माओवादी पार्टी रहन्जेल संघीयता रहिरहने र कसैले चाहेर पनि संघीयता हटाउन नसक्ने बताए ।

कार्यक्रममा पत्रकार देवराम यादव तिलाठी कोईलाडी गापाका उपाध्यक्षद्धय संजय सिंह, मदन यादव, राम नारायण सरदार, ब्रह्मदेव मुखिया, खगेन्द्र मण्डल, गजेन्द्र साह, मुकेश सिंह, रामसेवक मण्डल, लक्ष्मण खंगलगायतले जनयुद्ध दिवसको बारेमा आ-आफनो विचार ब्यक्त गरेका थिए । कार्यक्रम सम्पन्न पश्चात बेल्ही भंसार चौकमा दिप प्रज्वलन समेत गरिएको थियो ।

# भारतीय नोटसहित युवक पक्राउ

जलेश्वर, २ फागुन (रासस) ।
महोत्तरी जिल्लाको दोस्रो मुख्य भन्सार नाका मटिहानी हुँदै भारतबाट नेपाल ल्याउँदै गरेको १७ लाख भारतीय रुपैयाँसहित प्रहरीले मंगलबार एक युवकलाई पक्राउ गरेको छ ।

पक्राउ पर्नेमा मटिहानी नगरपालिका-८ बस्ने महेन्द्र यादवका छोरा २९ वर्षीय महेश यादव रहेको जिल्ला प्रहरी कार्यालय महोत्तरीका प्रवक्ता प्रहरी नायब उपरीक्षक सन्तोषकुमार पोखरेलले बताउनुभयो । भारतको बिहार राज्यको मधुवनी जिल्लाको मधवापुर सहरबाट ज ६ प ६६६४ नम्बरको मोटरसाइकलको ट्याङ्कीभित्र लुकाएर ल्याउँदै गरको स्रोत नखुलेको भारतीय रुपैयाँ पाँच सयको तीन हजार चार सय थान नोट ३४ बण्डलमा १७ लाखरुपैयाँसहित युवक महेशलाई दशगज्जाबाट प्रहरीले नियन्त्रणमा लिएको थियो ।

जिल्ला प्रहरी कार्यालय महोत्तरीका प्रहरी उपरीक्षक प्रकाश मल्ललाई भारतबाट युवकले स्रोत नखुलेको भारी मात्राको नोट लिएर नेपाल आउँदै गरेको गोप्य सूचना प्राप्त भएलगत्तै प्रहरी उपरीक्षक मल्लले आफैं मटिहानी-८ स्थित दशगजा क्षेत्रमा गएर युवकलाई पक्राउ गरिएको हो । स्रोत नखुलेको भारतीय रुपैयाँ १७ लाख (नेपाली २७ लाख २० हजार) सहित पक्राउ परेका युवक महेशलाई विदेशी विनिमय ऐन, २०१९ अन्तर्गत आवश्यक कारबाहीका लागि बारा जिल्लाको पथलैयामा अवस्थित राजस्व अनुसन्धान कार्यालय पठाइएको प्रहरी उपरीक्षक प्रकाश मल्लले बताउनुभयो ।

# गोतामे पत्रकारिता स्वर्ण पदक पत्रकार झालाई

पोखरीया, २ फागुन (रासस) ।
स्वर्गीय गोपालचन्द्र गोतामे स्वर्ण पदक पत्रकारिता पुरस्कार नेपाल पत्रकार महासङ्घ धनुषाकी अध्यक्ष मनिका झालाई प्रदान गरिएको छ ।

पर्साको वीरगन्जमा गोपालचन्द्र गौतम प्रतिष्ठानले आयोजना गरेको कार्यक्रममा अन्नपूर्ण पोष्टकी मधेस प्रदेश ब्यूरो प्रमुख समेत रहनुभएकी झालाई एक तोला सुनसहितको उक्त पुरस्कार प्रदान गरिएको हो । वीरगन्ज महानगरपालिकाका प्रमुख राजेशमान सिंह, स्वर्गीय पत्रकार गौतमकी धर्मपत्नि सुधा गौतम र पर्साका प्रमुख जिल्ला अधिकारी हिरालाल रेग्मीले झालाई पत्रकारिता स्वर्ण पदक प्रदान गर्नुभयो ।

वीरगन्जका पत्रकार स्व गौतमको स्मृतिमा १३ वर्ष अघि स्थापित उक्त पुरस्कार प्रतिष्ठानले सामाजिक उत्तरदायित्वअनुरूप अब्बल पत्रकारिता गर्ने एक सञ्चारकर्मीलाई प्रत्येक वर्ष प्रदान गर्दै आएको छ । यसअघि उक्त पुरस्कारबाट विभिन्न जिल्लाका ११ पत्रकार पुरस्कृत भइसकेका छन् । गत वर्ष सो पुरस्कार सप्तरीका पत्रकार बैजनाथ झालाई प्रदान गरिएको प्रतिष्ठानका अध्यक्ष जगदीश शर्माले जानकारी दिनुभयो ।

### मालपोतमा 'टाइमकार्ड' ...

व्यवसायीबाट पनि मालपोतबाट प्रदान गरिने सेवालाई प्रभावकारी तुल्याउन सहयोगको अपेक्षा गर्नुभयो ।

मालपोत, नापी, स्थानीय तह, वडा कार्यालय, लेखापढी व्यवसायीले अन्तरसम्बन्धित काममा समन्वय आवश्यक रहेको बताउँदै सचिव डा रेग्मीले भन्नुभयो, "लेखापढी व्यावसायीले लिने सेवा शुल्कलाई पारदर्शी बनाउनुपर्छ, लागतभन्दा बढी सेवा शुल्क लिन भएन ।" मन्त्रालयले मालपोत भूमि प्रशासनसँग जोडिएका कार्यालयमा टोकन प्रणाली, सेवाग्राही प्रतिक्षालय, पिउने पानीसहितको हेल्पडेस्क स्थापना गर्न निर्देशन दिएको छ ।

### दलित अधिकार र ...

सोही कार्यक्रममा दलित सरोकार मञ्च नेपालले राष्ट्रिय योजना आयोगका सदस्य डा. राउतलाई ज्ञापन पत्र समेत बुझाएका छन् । संयुक्त दलित सर्घष समिति कञ्चनरुप नपाका संयोजक रामदेव शर्मा खत्वे र मञ्चका कार्यकारी निर्देशक भोलाकुमार पासवानले ज्ञापन पत्र बुझाएका थिए ।

ज्ञापन पत्रमा दलित सशक्तिकरणका लागि अल्पकालिन र दिर्घकालिन योजना बनाउनका लागि सुझाव दिइएको छ । ज्ञापनमा दलित र सिमान्तकृत समुदायको शिक्षा, स्वास्थ्य, रोजगारीमा दलितहरु प्राथमिकतामा राखेर नीति बनाउनुपर्नेमा जोड दिइएको छ । डा. राउतले आयोगले तयार गर्ने आगामी १६ औं योजनामा दलित, महिला र सिमान्तकृत समुदायको मुद्धालाई सम्बोधन गर्ने गरी योजना बनाउने प्रतिबद्धता ब्यक्त गरे ।

कार्यक्रममा दलित सरोकार मञ्चका कार्यकारी निर्देशक भोलाकुमार पासवानले आयोगमा मधेशी, दलित, महिला र सिमान्तकृत समुदायबारे व्यहारमा कार्यान्वयन गर्ने गरि योजना बनाउनुपर्ने सुझाव पनि दिए ।

# स्ववियु निर्वाचनमा ५० प्रतिशत महिला सहभागी गराउन माग

काठमाडौं, २ फागुन (रासस) ।
नेकपा (एकीकृत समाजवादी) निकट अनेरास्ववियुले त्रिभुवन विश्वविद्यालय (त्रिवि)को स्वतन्त्र विद्यार्थी युनियन (स्ववियु) निर्वाचनमा ५० प्रतिशत महिला सहभागी गराउन माग गरेको छ ।

मंगलबार अनेरास्ववियुका महासचिव आरती लामाले त्रिवि विद्यार्थी कल्याण तथा खेलकुद निर्देशनालयका निर्देशक पशुपति अधिकारीसमक्ष ज्ञापनपत्र बुझाउँदै ५० प्रतिशत महिला सहभागी गराउन माग गर्नुभएको हो । ज्ञापनपत्रमा संविधानले हरेक क्षेत्रमा महिला सहभागिता ३३ प्रतिशत सुनिश्चित गरेको उल्लेख गर्दै स्ववियु निर्वाचनमा ५० प्रतिशत महिला अनिवार्य सहभागी गराउन भनिएको छ ।

त्रिविले आगामी चैत ५ गते त्रिविकादेशभरका ६२ आङ्गिक र एक हजार ४० सम्बन्धन प्राप्त क्याम्पसमा निर्वाचन हुँदैछ । त्रिविमा २८ वर्ष उमेरहद र मिश्रित निर्वाचन प्रणालीमा निर्वाचन गरिन थालिएको हो ।


**डा. कालीप्रसाद यादव**
MBBS, MD Internal Medicine (NAMS Bir Hospital, Kathmandu) NMC NO. 13203
**कन्सलटेन्ट फिजिसियन**
मधुमेह (चिनी रोग), प्रेशर, मुटु रोग, दम तथा श्वासप्रश्वास, कलेजो, मृगौला, छाती, पेट, थाईराईड तथा नशा रोग
हाल कार्यरत : गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज

**डा. रिपला आचार्य**
MBBS, MD (BPKIHS) NMC NO. 19992
**छाला, यौन तथा कुष्ठरोग विशेषज्ञ**
डण्डीफोर, कपाल झर्ने, एलर्जीदाद, ढुसीदाद, चायापोतो तथा दागहरु, सेतोदुबी
यहाँ हरेक किसिमका छाला, नङ्ग, कपाल, ओठ, मुख तथा यौन अंगमा भएका समस्याको सफल उपचार गरिन्छ ।
सम्पर्क स्थान : जय श्री कृष्ण फार्मेसी
हनुमाननगर रोड, राजविराज, ९८१९७२१५२६, ९८१७७८१९८७



**सार्वजनिक सेवालाई पारदर्शी बनाऔं ।**
➢ सार्वजनिक निकायका कामकारवाहीलाई पारदर्शी बनाऔं ।
➢ सेवाग्राहीले सहज र सोझै सेवा लिनसक्ने व्यवस्था मिलाऔं ।
➢ आधिकारिक सेवा प्रदायकबाट सेवा लिऔं, बिचौलियामार्फत काम नगरौं ।
➢ सकेसम्म सेवाग्राही आफैले सेवा प्राप्त गर्ने गरौं ।
सार्वजनिक सेवालाई सरल, सहज र पारदर्शी बनाऔं ।
नेपाल सरकार
विज्ञापन बोर्ड



देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस् ।
हाम्रो सेवाहरु
नेपाल सहकारी संस्था लि.
राजविराज ४, फोन नं. ०३१-५३१०९६
ipay remit
City Express Money Transfer
Best Remit Quick & Easy
Prabhu Money Transfer
रकम पठाउन तथा पाउनका लागि भरपर्दो माध्यम
IME International Money Express
himal remit हिमालरेमिट
CG Money


**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल** : rajbirajdainik@gmail.com, **वेबसाइट** : rajbirajdainik.com.np